नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०८१/०८२

चलानी नं. : २६८
नेपाल संवतः ११४५
मितिः- २०८२/०२/२७

विषयः- *आयोजनाको मार्गदर्शन सम्वन्धमा ।*

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.नं. २६५ मिति २०८२/०२/२२ को आ.व. ०८२/८३ का लागि समपूरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहका स्वीकृत आयोजनाको वजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन यसै पत्रसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी.)
शाखा अधिकृत

*बोधार्थः*
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार ।
श्री सूचना तथा प्रविधि शाखाः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः Website मा Upload गरिदिनुहुन ।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२०००००, ४२००५२७
सन्देश सूचना बोर्डः १६१८०१४२००३०९, इमेलः info@mofaga.gov.np वेबसाइटः http://www.mofaga.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- ०८१/८२
चलानी संख्याः- २६७

मितिः २०८२/०२/२२

श्री प्रदेश सरकार (सबै),

श्री स्थानीय तह (सबै)।

**विषय: आर्थिक वर्ष २०८२/८३ का लागि समपूरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहका स्वीकृत आयोजनाको मार्गदर्शन सम्बन्धमा।**

समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (७) तथा विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (६) बमोजिम, समपूरक वा विशेष अनुदानबाट कार्यान्वयन गरिने आयोजनाहरू प्रस्ताव गर्दा दश करोड रुपैयाँभन्दा बढी लागत हुने आयोजनाको हकमा विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report - DPR) तथा दश करोड रुपैयाँभन्दा कम लागत हुने आयोजनाको हकमा आयोजना सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, स्पेसिफिकेसन र लागत अनुमान (Cost Estimate) सहितको विस्तृत विवरण, साथै प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा विदितै छ।

आर्थिक वर्ष २०८२/८३ मा समपूरक तथा विशेष अनुदानबाट प्रदेश सरकार तथा स्थानीय तहमार्फत सञ्चालन गरिने आयोजनाहरूको प्रस्ताव आयोगबाट मिति २०८१/१०/१६ मा माग गरिएकोमा, प्रदेश तथा स्थानीय तहबाट पेश भएका प्रस्तावहरू छनौट गरी स्वीकृत गरिएका आयोजनाहरूको सूची आयोगको वेबसाइट (www.npc.gov.np) मा प्रकाशन भइसकेको छ।

यस सन्दर्भमा, समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (६) सँग सम्बन्धित दफा १५ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ५ को उपदफा (८) सँग सम्बन्धित दफा १४ बमोजिम, स्वीकृत आयोजनाहरूको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन यसै पत्रमार्फत प्रेषित गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजनाको पूर्वतयारी सम्पन्न गरी मात्र कार्यान्वयनमा जाने प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि अर्थ

मन्त्रालयबाट प्राप्त हुने बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन समेतको मध्यनजर गरी देहायबमोजिम कार्यान्वयन हुने व्यवस्था हुन आयोगको मिति २०८२/०१/२० को निर्णयानुसार अनुरोध छ।

**देहायः**

१. **प्रदेश र स्थानीय तहका लागि समपूरक अनुदानका आयोजनाहरु कार्यान्वयनका शर्तहरुः**

१.१. आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट संचालन हुने नयाँ आयोजना वा कार्यक्रमका हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्का व्यवस्थापनका कार्य गर्नुपर्नेछ।

१.२ समपूरक अनुदानका नयाँ आयोजना वा कार्यक्रमको हकमा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन), २०८२ को दफा १७ बमोजिम २०८२ मंसीर मसान्तभित्र ठेक्का सूचना आव्हान गरिसक्नु पर्नेछ।

१.३ आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत भएका ३ वर्षे, आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका २ वर्षे र आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका ३ वर्षे क्रमागत आयोजना वा कार्यक्रममध्ये बहुवर्षीय ठेक्का भई कार्यान्वयन भइरहेका आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम तथा सालबसाली ठेक्का भई कार्यान्वयन भईरहेका स्थानीय तहका क्रमागत आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत अनुदानको रकम नयाँ ठेक्का आव्हान गरी कार्यान्वयन गर्नु पर्नेछ।

१.४ समपूरक अनुदान स्वीकृत भई प्रदेश र स्थानीय तहबाट उपभोक्ता समितिबाट कार्यान्वयन भइरहेका क्रमागत आयोजनाको हकमा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन), २०८२ को दफा १२ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८२/८३ मा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम खरिद प्रकृया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

१.५ प्रदेश तथा स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका भएका नयाँ आयोजना वा कार्यक्रमको हकमा अनुसूची – ४ बमोजिम (शर्त पूरा भएको प्रमाणित गर्ने फाराम) ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान/विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) र वातावरणीय अध्ययन प्रतिवेदन (BES/IEE/EIA) लगायतका कागजातहरु ठेक्का प्रकृयामा जानुपूर्व समपूरक अनुदान सम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मा अनिवार्य प्रविष्टि गर्नुपर्नेछ।

१.६ समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (७) र (८) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) मा प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले पेश गर्न बाँकी कागजातहरु पेश गरेपछि फुकुवा हुने गरी हाललाई रोक्का हुनेछ।

१.७ स्थानीय तहका स्वीकृत समपूरक अनुदानका अधुरा आयोजनाहरु आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्ने सुनिश्चितताका आधारमा मात्र निकासा गर्नुपर्नेछ।

## २. प्रदेश र स्थानीय तहका लागि विशेष अनुदानका आयोजनाहरु कार्यान्वयनका शर्तहरु:

२.१ आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका विशेष अनुदानका सबै आयोजना वा कार्यक्रम र पूर्वाधार निर्माणसँग सम्बन्धित प्रदेश र स्थानीय तहका नयाँ आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्का व्यवस्थापनका कार्य गर्नुपर्नेछ।

२.२ स्वीकृत भएका विशेष अनुदानका सबै आयोजना वा कार्यक्रम र पूर्वाधार निर्माणसँग सम्बन्धित प्रदेश र स्थानीय तहका नयाँ आयोजनाको हकमा विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन), २०८२ को दफा १६ बमोजिम २०८२ मंसीर मसान्तभित्र ठेक्का सूचना आव्हान गरिसक्नु पर्नेछ।

२.३ आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत भएका ३ वर्षे, आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका २ वर्षे र आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका ३ वर्षे क्रमागत आयोजना वा कार्यक्रममध्ये बहुवर्षीय ठेक्का भई कार्यान्वयन भइरहेका आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम तथा सालबसाली ठेक्का भई कार्यान्वयन भईरहेका स्थानीय तहका क्रमागत आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत अनुदानको रकम नयाँ ठेक्का आव्हान गरी कार्यान्वयन गर्नु पर्नेछ।

२.४ प्रदेश तथा स्थानीय तहबाट विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने सालवसाली सम्पन्न हुने प्रकृतिका नयाँ आयोजना वा कार्यक्रमको हकमा आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न हुने गरी प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम नयाँ खरिद प्रकृया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

२.५ विशेष अनुदान स्वीकृत भई प्रदेश र स्थानीय तहबाट उपभोक्ता समितिबाट कार्यान्वयन भइरहेका आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम खरिद प्रकृया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

२.६ प्रदेश तथा स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका भएका नयाँ आयोजना/कार्यक्रमको हकमा अनुसूची – ३ बमोजिमको कार्यक्रम संचालन प्रस्ताव, अनुसूची – ४ बमोजिम (शर्त पूरा भएको प्रमाणित गर्ने फाराम) ड्रइङ, डिजाइन, सपेशिफिकेसन सहितको विस्तृत लागत अनुमान/विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) र वातावरणीय अध्ययन प्रतिवेदन (BES/IEE/EIA) लगायतका कागजातहरु ठेक्का प्रकृयामा जानुपूर्व विशेष अनुदान सम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मा अनिवार्य प्रविष्टि गर्नुपर्नेछ।

२.७ विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ५ को उपदफा (८) र (९) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) मा प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले पेश गर्न बाँकी कागजातहरु पेश गरेपछि फुकुवा हुने गरी हाललाई रोक्का हुनेछ।

२.८ स्थानीय तहका स्विकृत विशेष अनुदानका अधुरा आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्ने सुनिश्चितताका आधारमा मात्र निकासा गर्नुपर्नेछ।

(सुमनराज अर्याल)

**सचिव**

**बोधार्थ तथा कार्यार्थः**

१) श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं - सबै प्रदेशमा पत्राचारको व्यवस्थाका लागि।

२) श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं - मिति २०८२/०१/२१ को च.नं.: २३४ को पत्र सन्दर्भमा कार्यान्वयनका लागि।

३) श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं - सबै स्थानीय तहमा पत्राचार गर्ने व्यवस्थाका लागि।

४) श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं - बजेट निकासाको क्रममा यसैसाथ संलग्न मार्गदर्शन बमोजिम हुने गरी सबै को.ले.नि.का.मा पत्रचारको व्यवस्थाका लागि।